स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



साडी महिलाको पहिचान हो । साडीले महिलालाई 'ग्ल्यामरस लुक' दिन्छ । यसैले पछिल्लो पुस्ताका युवतीहरुमा साडी फेसनको रुपमा प्रख्यात हुन थालेको छ । अधिकांश नेपाली अभिनेत्रीहरु पनि साडी पारखी छन् । अभिनेत्री पूजा शर्मा पनि साडीको सौखिन हुन् । यद्यपि, उनी क्याजुअल शैलीका परिहनमा बढी देखिन्छिन् । साडीभन्दा क्याजुअल पहिरन लगाउनलाई सहज हुने भएकाले पनि हुनसक्छ । तर, कुनै विशेष कार्यक्रममा भने उनी साडीमै पुग्छिन् ।

**आजको विचार...**



विष्णुप्रसाद खनाल

नक्सा...

*(दुई पेजमा)*

'बोल माया' प्रकाश सपुतको चर्चित गीत हो । नारायण रायमाझी, शान्तिश्री परियार र स्वयं प्रकाशकै स्वर रहेको यो गीतले प्रकाश सपुतलाई नेपाली सांगीतिक क्षेत्रमा जबर्जस्त स्थापित गरायो । अडियो र भिडियो दुबैमा अब्बल मानिएको यो गीतपछि प्रकाश सपुतले पछाडि फर्केर हेर्नुपरेको छैन । उनका एकपछि अर्को गीतले चर्चा र सफलता पाइरहेका छन् । अब भने प्रकाश सपुत आफ्नो लोकप्रिय गीत 'बोल माया' दोस्रो भाग ल्याउने तयारीमा लागेका छन् । उनले नयाँ गीतको शीर्षक जुराएका छन्, 'दमाई महाराज' ।



❑ वर्ष २८ ❑ अंक ३०८ ❑ २०८० जेठ २३ गते मंगलबार 6 June 2023, Tuesday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# सत्यवती जिप दुर्घटना:मृतकको संख्या पाँच पुग्यो

## एकै ठाउँका पाँचको मृत्युले शोकमा डुब्यो गाउँ

**रामचन्द्र रायमाझी**

**पाल्पा,** जेठ २२/पाल्पाको रैनादेवी छहरा गाउँपालिका -८ सत्यवती केवरेडाँडामा भएको जिप दुर्घटनामा मृत्यु हुनेको संख्या ५ पुगेको छ । आइतबार साझँ रुपन्देहीको सालझण्डीबाट अर्घाखाँचीको पणेनातर्फ जाँदै गरेको लु १ च ९०२४ नम्वरको जिप केवरेडाँडामा दुर्घटना हुँदा मृत्यु हुनेको संख्या ५ पुगेको हो ।

जिल्ला प्रहरी कार्यालय पाल्पाका अनुसार घटनास्थलमा ३ जना र उपचारका क्रममा २ जनाको मृत्यु भएको हो । मृतक पाँचै जनाको सनाखत भएको छ । मृत्यु हुनेहरुमा पाणिनी गाउँपालिका -१ पणेनाकी ५५ बर्षीया बुकुन्ति (श्यामकला) परियार, वडा नं २ पोखराथोकका २६ बर्षीय चालक रमेश विक, सोही स्थानकै २५ बर्षीया सिता गौतम, सोही ठाउँकै २ बर्षीय संयोग गौतम र वडा नं १ का ४४ वर्षीय विजय (कृष्ण) पोखरेल रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक विरेन्द्र थापाले बताए । संयोग र विजयको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । मृतक सबै एकै ठाउँका हुन् । दुर्घटनामा परी एकै ठाउँका ५ जनाको मृत्यु भएपछि गाउँ नै शोकाकुल बनेको छ । बालकसहित गाउँका होनहार व्यक्तिहरुको दुर्घटनामा मृत्यु भएपछि पाणिनी गाउँपालिकाको पोखराथोक र पणेनामा सान्नटा छाएको पोखराथोकका वडा अध्यक्ष चन्द्रकान्त पौडेलले बताए । उनले भने, 'एकै ठाउँका ५



जनाको दुःखद् निधनले पोखराथोकसँगै पणेना शोकमग्न भएको छ ।' मृतक सीता गौतम शनिबार शिक्षक सेवा आयोगले लिए प्राविको परीक्षा दिन बुटवल गएकी थिइन् । परीक्षा दिई बुटवलबाट दुई छोरालाई सँगै लिएर घरफर्किने क्रममा उनी दुर्घटनामा परेको वडा अध्यक्ष पौडेलले बताए । दुर्घटनामा उनीसँगै कान्छा छोरा २ बर्षीय संयोग गौतमको मृत्यु भएको हो भने जेठा छोरा घाइते छन् । मृतक विजय पोखरेल वडा सदस्य हुन् । बुटवल गएर घर फर्कन जिप चढेका उनीहरु कहिले नफर्कने गरी बिलाएपछि गाउँ नै शोकमग्न भएको वडा अध्यक्ष पौडेलले बताए । उनले भने, 'वाडावासी गुमाउँदा निकै पीडा महशुस भएको छ ।' यस्तै दुर्घटनामा परी १० जना घाईते भएका छन् । घाइते हुनेमा पाणीनी गाउँपालिका -१ पणेनाका ६६ वर्षीय रामबहादुर विक, सोही ठाउँकै ५ वर्षीया पार्वती पोखरेल, सोही ठाउँका १० वर्षिय सोलिन परियार, वडा नं २ पोखराथोकका ६ वर्षीय संयोग गौतम, गुल्मीको रुरु क्षेत्र गाउँपालिका बलेटक्सारका ९ वर्षीय सार्थक ज्ञवाली रहेका छन् । उनीहरुको लुम्बिनी प्रादेशिक अस्पताल बुटवल उपचार भईरहेको छ ।

यस्तै अर्घाखाँची पाणेनी गाउँपालिका-१ पणेनीकाका ४० वर्षीय विजय हरी गौतमको बुटवलको चौराहा अस्पतालमा उपचार भईरहेको छ । यसैगरी अर्घाखाँची छत्रदेव गाउँपालिका -४ धरम्पानीका ७ वर्षीय समिर पाण्डे, सोही ठाउँकै १० वर्षीय अनुप सोमरे, पाल्पाको तिनाउ गाउँपालिका -३ दोभानकी ३४ वर्षीया लक्ष्मी पोखरेल, निजकी ५ वर्षीया छोरी आर्या भण्डारी रहेका छन् । उनीहरुको भैरहवा मेडिकल कलेजमा उपचार भइरहेको छ । जिप अत्याधिक लोड भएकाले साघुरो बाटोमा लोड थाप्न नसकी व्याक भई दुर्घटना भएको हुन सक्ने बताइएको छ । जिप सडकबाट करीव ७० मिटर तल खसेको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**संक्षिप्त समाचार**

## वर्षाको सम्भावना



**काठमाडौं,** जेठ २२/पश्चिमी वायुका साथै स्थानीय वायुको प्रभावले देशका अधिकांश स्थानमा बदली रहनुका साथै पहाडी भेगका एक-दुई स्थानमा हल्का वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

हाल सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशलगायत देशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहनेछ । कोशी, गण्डकी र कर्णाली प्रदेशका पहाडी भू-भागका थोरै स्थानहरुमा तथा देशका बाँकी पहाडी भू-भागका एक दुई स्थानमा मेघ गर्जन/चट्याङ्गसहित क्षणिक वा हल्का वर्षाको सम्भावना रहेको छ । रातिको समयमा कोशी, गण्डकी र कर्णाली प्रदेशको पहाडी भू-भागका एक दुई स्थानमा मेघ गर्जन/चट्याङ्गसहित क्षणिक वा हल्का वर्षाको सम्भावना छ ।

राजधानी काठमाडौँ उपत्यकाको आकाशमा बादल लागेको छ । काठमाडौँको तापक्रम बढेपनि पछिल्लो दुई दिनको तुलनामा गर्मी केही कम महशुस गरिएको छ । महाशाखाको विवरणमा काठमाडौँको न्यूनतम १८ र अधिकतम तापक्रम ३२ डिग्री सेल्सियस रहेको छ । महाशाखाका अनुसार एकसातादेखि देशका अधिकांश भू-भागको तापक्रम वृद्धि भएकाले गर्मी बढेको छ । तराईका अधिकांश भू-भागमा तापक्रम लू चलिरहेको छ । वर्षा नहुँदा सुक्खापन चलेकाले तापक्रम बढेर लू चलेको मौसमविद्हरुको भनाइ छ ।

**-रासस**

## बाँदरका कारण परम्परागत खेती छाडेर कफी खेतीमा

**रेसुङ्गा,** जेठ २२/गुल्मीको मदाने गाउँपालिका-३ सिर्सेनीका किसान परम्परागत खेती छाडेर कफी खेतीमा आकर्षित भएका छन् । बाँदर, बँदेललगायत जंगली जनावरबाट परम्परागत खेती जोगाउन सास्ती हुन थालेपछि यहाँका किसान पछिल्लो समय कफी खेतीमा लागेका हुन् ।

तीन वर्ष अगाडिसम्म यहाँ मकै, कोदो, गहुँ र फाँपर खेती मात्रै हुने गर्दथ्यो । बाँदरले सबै खेतीलाई हानी पुऱ्याउन थालेपछि परम्परागत खेतीपाती छाडेर कफी खेती गर्न बाध्य भएको यहाँका किसानको भनाइ छ । सिर्सेनीका जितबहादुर अर्यालले आफ्नो सबै खेतबारीमा अहिले कफी खेती सुरु गरेका छन् । 'मकै र कोदो खेती गर्दा बाँदरले हैरानी दियो', उनले भने, 'कफी खेतीमा लागेपछि ढुक्क भएको छ ।' उनले तीन वर्षको अवधीमा सबै खेतबारीमा कफी खेती विस्तार गरेका छन् । सोही ठाउँकी दमन्ता अर्यालले



पनि मकै र कोदो मात्रै खेती हुने ठाउँमा अहिले कफी खेती गरेकी छन् । 'छोराछोरी अध्ययनको लागि सहर छिरेपछि श्रीमान् श्रीमतीले मात्रै मकै र कोदोको खेती जोगाउन सकेनौँ', उनले भनिन्, 'कफी खेती सुरु गरेपछि दैनिक हेरचाह गरेमात्र पुग्छ ।' अहिले सबै खेतबारीमा कफीका बिरुवा रोपेको उनले बताइन् ।

मेघराज अर्यालले परम्परागत खेतीभन्दा कफी खेती निकै सहज भएको बताए । 'कफीबाट आर्थिक आम्दानी राम्रै हुन्छ भन्ने आशा छ', उनले भने, 'हामीले मकै, कोदो र गहुँ खेती छाडेर कफी खेतीमा लाग्यौँ ।' आर्थिक आम्दानीको तुलनामा परम्परागत कृषि भन्दा आधुनिक कृषि बढी लाभदायी हुने उनको भनाइ थियो । सिर्सेनीका ४५ किसान अहिले कफी खेतीमा आवद्ध छन् । यहाँको कुल एक सय ५० रोपनी क्षेत्रफल जग्गामा १५ हजार कफीका बिरुवा लगाइएको छ ।

*(...बाँकी अन्तिम पेजमा)*

## आय कर तथा मूल्य वृद्धि कर तालिम सञ्चालन सम्बन्धी जरुरी सूचना

नेपाल उद्योग वाणिज्य महासंघको आयोजना तथा GIZ को प्राविधिक सहयोगमा यहि जेष्ठ ३० र ३१ गतेका दिन आय कर तथा मूल्य वृद्धि कर सम्बन्धी दुई दिने तालिम सञ्चालन हुन गइरहेको हुँदा तालिम लिन ईच्छुक संघका सदस्यज्यूहरुले २०८० जेष्ठ २८ गते भित्र संघको सचिवालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**अनुरोधक**

**पाल्पा उद्योग वाणिज्य संघ**

**तानसेन, पाल्पा**

अन्य थप जानकारीको लागि : ०७५-५२०१३३, ५२११६४

सम्पर्क नं. : ०७५-५२०१३३, ५२११६४

ईमेल : palpachamber@gmail.com

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सडक दुर्घटना न्यूनीकरणमा ध्यान देऊ

आइतबार साँझ पाल्पाको रैनादेवी छहरा गाउँपालिका–८ सत्यवतीस्थित केवरेडाँडामा जिप दुर्घटनामा परी ५ जनाको निधन भयो भने १० जना घाइते छन् । उक्त दुर्घटनामा अधिकांस बालबालिका रहेका छन् । यही क्षेत्रमा गत पुसमा बस दुर्घटना हुँदा ६ जनाको ज्यान गएको थियो भने १८ जना घाइते भएका थिए । रुपन्देहीको सालझण्डीबाट पाल्पाको खुसार्नेका लागि छुटेको यात्रुवाहक बस दुर्घटना भएको थियो । त्यसको ५ महिनापछि पुनः कहाली लाग्दो जिप दुर्घटना भयो । हरेक मानिसको मृत्यु शाश्वत् र अवश्यंभावी छ । तर, पटक–पटक यस्ता अकल्पनीय दुर्घटना दोहोरिदा हाम्रा राजमार्ग र सडकहरु मृत्युमार्गकै रुपमा स्थापित बन्दै गइरहेका छन् । संख्याका हिसाबले दुर्घटनालाई सानो–ठूलो मानिए पनि कसैको पनि दुर्घटनामा ज्यान जानु विडम्बनाको विषय हो । देशभर हरेक दिनजसो साना–ठूला दुर्घटना भइनै रहन्छन् र अकालमै ज्यान गुमाउनुपर्ने नियति बन्दै गएको छ । गाडी दुर्घटनामा सयौंले ज्यान गुमाउनु परेको छ भने उत्तिकै संख्यामा अंगभंग भएका छन् । नेपालका प्रायः राजमार्ग निकै साँघुरा छन् । त्यसमा पनि आवश्यक सुधार तथा मर्मत नगर्दा यात्रुहरुले निकै सास्ती खेप्नु परेको छ । पहाडी क्षेत्रमा धमाधम खोलिएका कच्ची सडक र क्षमताभन्दा बढी यात्रु चढाउने प्रवृत्तिले दुर्घटना बढ्दै गएका छन् ।

यी र यस्ता दुर्घटना न्यूनीकरणका लागि चालक आफैं सचेत, अनुशासित हुनुका साथै सवारीसाधनको अवस्थासमेत राम्रो हुनुपर्ने देखिन्छ । चालकको अत्यधिक लापरवाहीका कारण सडक दुर्घटना बढेको ट्राफिक प्रहरीको तथ्याङ्कले देखाएको छ तर यो मात्रै सडक दुर्घटनाको कारण भने अवश्य होइन । सरकारले सडक सम्बन्धी ठोस कानुन कार्यान्वयनमा कडाइ, सडक मर्मत, सवारी चालक अनुमतिपत्र दिँदा पुऱ्याउनुपर्ने तालिम लगायतका विषयमा ध्यान दिनु आवश्यक छ । क्षमताभन्दा बढी यात्रु चढाउने, ओभरलोड, हतारिएर सवारीसाधन चलाउने र सडकको दुरवस्थाका कारण सडक दुर्घटना हुने गरेका छन् । सरकारले सडक सुधार र ट्राफिक व्यवस्थापनका लागि समय–समयमा धेरै पटक अनेक नीति नियमहरू र प्रतिवेदनहरू सार्वजनिक गर्ने गर्दछ तर ती व्यवहारमा कति हदसम्म लागू भए, भएनन् भनेर मूल्याङ्कन सरकारले गर्न सकिरहेको छैन । सडक चौडा र फराकिलो हुनेबित्तिकै सवारी दुर्घटना कम हुने होइन । जबसम्म आम सवारी चालक, पैदल यात्रुबीच जनचेतना जागृत हुँदैन तबसम्म दुर्घटनामा कम हुन सक्दैन । तसर्थ तीनै तहका सरकारले यसतर्फ समयमै ध्यान पुऱ्याउन जरुरी छ ।

## Opinion @ Social Network

तिमी जस्ता झारे पुतली नै हो बत्तीको उज्यालो खोज्नुपर्ने त ।
न त हेर न जुनकिरीको प्राकृतिक उज्यालो कसैले फाल्न सक्छ ? कि सक्छौ र ?
*(मिला दरैको फेसबुक स्टाटस https://www.facebook.com/mk.mila)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नक्सा, नागरिकता विद्येयक र भारतको बलमिचाइँ



**विष्णुप्रसाद खनाल**

भारतको संसद्मा 'अखण्ड भारत' नाम दिइएको काठमा कुँदिएको एउटा नक्सा राखिएको छ जसमा नेपालका कपिलवस्तु, लुम्बिनी लगायतका ठाउँलाई समेत भारतीय भू-भाग भनेर नक्सामा समावेश गरिएको छ । त्यसो त भारतले नेपाली भू-भागहरू कालापानी, लिपुलेक र लिम्पियाधुरालाई भारतीय भू-भाग भनेर नक्सामा समावेशमात्रै होइन् आफ्ना सैनिकहरू समेत त्यो क्षेत्रमा राख्दै गएको छ । नेपाल-भारतसँग खुला सिमाना भएको देश हो भने नेपालको भारतसँग ठूला साना गरी २७ वटा नाकाहरू रहेका छन् । जुन नाकाहरूमार्फत सन् २०१५ मा भारतले नाकाबन्दी लगाएको थियो । भारतको बलमिचाइँ नेपालको लागि नौलो कुरा होइन् तर यो प्रवृति बढ्दै जान थालेको छ ।

नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड यही जेठ १७ गतेदेखि भारतको चारदिने औपचारिक भ्रमण पूरा गरेका छन् । यस भ्रमणका क्रममा नेपाल र भातबीच नेपाल-भारत पारवाहन सम्झौता नवीकरण, सीमापार पेट्रोलियम पाइपलाइन अमलेखगञ्जबाट चितवनसम्म ल्याउने, सिलगुढीबाट झापासम्म पुऱ्याउने, परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान र सुषामा स्वराज इन्टिच्युटबीच सकार्य गर्ने, चाँदनी, दोधारा एकीकृत जाँच चौकी निर्माण गर्ने, तल्लो अरूणको डिपिए गर्ने, फुकोट कर्णाली भारतीय कम्पनीले बनाउने र डिजिटल पेमेन्ट सम्झौता गरी सातवटा सम्झौता भएका छन् । तर, यो भम्रणमा उठाउनै पर्ने कुराहरू खासगरी महेन्द्रनगरबाट आवत-जावतको हवाई रूट थप गर्ने प्रस्ताव, इ.पि.जी, प्रतिवेदनको कुरा, सीमा विवाद समाधान गर्ने कुरा, पञ्चेश्वर आयोजनाका कुरा, पच्चीस वर्षे विद्युत् सम्झौताका कुरा र २५ वर्षे विद्युत् बिक्री सम्झौता जस्ता विषय नै उठेनन् । त्यतिमात्र होइन् तिब्बती, भुटानी, रोहिंग्या, अफगानीलगायतका शरणार्थी र खुला सिमाना भएकाले यस समाधानका लागि कुरै उठाएनन् ।

अघिल्लो संसद् तथा राष्ट्रपतिको समयमा विवादित बनेको नागरिकता विधेयक अहिले हतार-हतारमा पारित भएको छ, जुन देशका लागि र नेपाली नागरिकहरूको लागि घातक छ । राजनीतिक दलहरूको यो प्रवृतिले देशमा बहुमत भएमा जस्तोसुकै ऐन पनि बन्नसक्ने बलमिचाइँ देशको आन्तरिक राजनीतिमा पनि देखियो । एकातिर नेपाली भू-भागहरू कालापानी, लिम्पियाधुरा, लिपुलेकलगायत क्षेत्रमा भारतको कब्जामा रहिरहनु र अर्कोतिर भारतले आफ्नो नक्सामा कपिलवस्तु, लुम्बिनीलगायतका स्थानहरू समेत समावेश गर्ने कार्य नेपालको निरीहपनको प्रतिफल हो । आफ्नो सत्ता टिकाउनका लागि खासगरी नेता तथा राजनीतिक दलहरूले भारतलाई रिझाउन गरेको कार्यको परिणाम पनि हो । यसैबीच, वास्तविक सबै नेपालीहरूसँग अझै पनि नागरिकता छैन्, त्यसको समाधान गर्ने बाहनामा दलगत राजनीति तथा अपेक्षा नगरिएको घुसपैठले वास्तविकतालाई अन्धाकारतिर धकल्नु र देशलाई बिक्रीमा राख्ने कार्य दु:खद् विषय हो ।सानो तथा संवेदनशील मुलुकमा जसको भूराजनीति अझ सम्वेदनशील भएको ठाउँमा राजनीतिक दलका अंधभक्तहरू तथा तथाकथित बुदिजीवीका कारण देशले अहिलेको अवस्था भोग्नुपरेको छ । यस्तो अवस्थामा राजनीतिक दलका नेताहरू तथा जनताका प्रतिनिधिहरूको चेत खुल्नु आवश्यक छ । अघिल्लो संसद् तथा राष्ट्रपतिको समयमा विवादित बनेको नागरिकता विधेयक अहिले हतार-हतारमा पारित भएको छ, जुन देशका लागि र नेपाली नागरिकहरूको लागि घातक छ । राजनीतिक दलहरूको यो प्रवृतिले देशमा बहुमत भएमा जस्तो सुकै ऐन पनि बन्नसक्ने बलमिचाइँ देशको आन्तरिक राजनीतिमा पनि देखियो भने भारतलगायत बाफय देशहरूको प्रभावले समेत यसमा जरा गाडेको देखिएको छ । नेपाल आफैंमा कमजोर बन्दै गएको छ भने राज्यको स्वामित्वमा रहेका संस्थानहरू पनि घाटामा सञ्चालित छन् भने सरकारले केही संस्थानलाई खारेज गर्ने नीति लिइएको छ । जबसम्म देश आर्थिक, सामाजिक, सांस्कृति, शैक्षिक रूपले विकास हुन सक्दैन तवसम्म भारतको बलमिचाइँ रही रहन्छ । नेपालका तथाकथित कम्युनिष्टहरूतथा क्रान्तिकारीहरू सार्वजनिक प्रचारवाजीका लागि वक्तव्य जारी गर्ने, सीमामा झण्डा गाड्न पुग्ने तथा दूतावास अगाडि प्रदर्शन गर्ने तर छिमेकीहरूसँग देशको समस्याको बारेमा बोल्न नसक्ने ? देशको हितको खातिर सन्धि सम्झौता गर्न नसक्ने प्रवृतिले राजनीतिक दल र उनका अन्धभक्त कार्यकर्ताले गर्ने विरोधले भारतका लागि केवल हात्तीको मुखमा जिरामात्रै हो । आयातमा निर्भर देशमा स्वदेशमा उत्पादित वस्तु तथा सेवाको बजार छैन । किसानको तरकारी खेतवारीमै सुक्न थालेको छ तर भारतीय तथा चिनियाँ बजारबाट आउने तरकारी तथा फलफूलले नेपालमा प्राथमिकता पाएको छ । हामी आदर्शता र स्वतन्त्रताको कुरा गर्दै गर्दा हामीभित्र भएको खोक्रोपना छताछुल्ल भएको छ । त्यही खोक्रो आदर्शको फाइदा छिमेकीहरूले उठाइरहेका छन् ।

नेपाल इतिहासदेखि नै कुनै पनि देशको औपनिवेशिक दासतामा रहेन त्यो सत्य हो तर नेपालको परिनिर्भरताले, देशमा व्यक्त गरिबी, बेरोजगारीर भ्रष्टाचार तथा आर्थिक अनियमितताका कारण लथालिङ हुँदा विदेशीले नेपाल स्रोत र सधानहरूमा आँखा गाडने गरेको छ । उनीहरूको दबाब तथा प्रभाव विस्तारै बढ्दै गएको छ । यस्तो प्रभाव कम गर्ने विषयमा न त कुनै नेताको ध्यान गएको छ, न त कुनै कूटनीतिज्ञले पहल गरेको देखिन्छ । हुन त दुई देशको बीचमा असमझदारी तथा बुझाइएको अभाव पनि याथा स्थानमै छ । पर्याप्त जानकारी नभएका कारण दुई देशबीचको सम्बन्धमा प्रभाव परेको छ, तर त्योभन्दा जटिल नेताहरूको सत्तामोहको प्रवृत्तिको फाइदा भारले उठाइरहेको छ । उत्पादनको अभावमा राष्ट्रवाद, आर्थिक उन्नतिको अभावमा राष्ट्रवाद, ज्ञानको अभावमा राष्ट्रवाद र आवश्यक मुद्दाहरू उठाउन नसक्ने राष्ट्रवादले देशको हुन सक्दैन भन्ने कुरा नेपालीले बुझ्न सकेका छैनन् । भारतले यो कुरालाई स्पष्टरूपमा बुझेको छ फलस्वरूप भारतका बलमिचाइँ बढ्दै गएको छ । नेपालको सन्दर्भमा भारतको दृष्टिकोण कस्तो छ भन्ने कुरा नेपालका लागि भूतपूर्व भारतीय राजदूत रञ्जितरेले नेपालको एक टेलिभिजनमा दिएको अन्तर्वार्ता र भारत-नेपालको सिमानाका दशगजामा भएको व्यवहारबाट समेत स्पष्ट हुन्छ । हाल विद्यमान सीमासम्बन्धी समस्यालाई सहजीकरण गर्न उच्चस्तरीय राजनीतिक सयन्त्र र छलफल आवश्यक छ । यस विषयमा दुवै देशको नेतृत्व कानमा तेलहालेर बसेको अवस्था छ । यो राजनीतिक दलको कमजोरी हो, सत्ताको बागडोर समाल्नेहरूको कमजोरी हो । कुनै पनि देशको आन्तरिक नीति र विदेश नीतिमा निश्चित सम्बन्ध हुन्छ तर नेपालको हकमा त्यो पनि देखिएन् । कतिपय अवस्थामा कूटनीतिमात्र पर्याप्त हुँदैन । सवाल त त्यहाँनेर उठ्छ जब देशमा नीति निर्माण तहमा बसेकाहरूले नै स्वदेशी उत्पादनलाई प्राथमिकता दिँदैनन् । विदेशी व्यापारीसँग मिलोमोतोमा स्वदेशी उत्पादनलाई प्राथमिकता दिँदैन्, स्वदेशी साधन र स्रोतको प्रभावकारी प्रयोग हुँदैन । मानवीय स्रोत तथा साधनको परिचालन गरिँदैन् । कालोबजारी र मिसावटको नियमन, अनुगमन तथा नियन्त्रण गरिँदैन् । यदि बजार अनुगमन भइहाल्यो भने पनि अनुगमनमा मात्र सीमित हुन्छ ।

नेपाल दुई ढुंगाबीचको तरूल नै भएर चेपिएर बसेको छ, दुई देशबीचको पुल बन्न सकेन् । स्रोत-साधन हुँदाहुँदै पनि सम्पन्न बन्न सकेन, पदीय दुरुपयोग तथा भ्रष्टाचारमा लिप्त नेतृत्वले देशको महत्वलाई बुझ्न सकेनन्, त्यसको फाइदा विदेशीले उठाउँदै गए । नेपालको राजनीति केवल सत्तामा पुग्ने भऱ्याङमात्रै बन्यो । छिमेकीसँग गएिको विआरआई र बन्दरगाहको सम्झौताले नेपाललाई एमसीसीको बाटोसमेत थप गर्न बाध्य बनायो तर त्यतिमात्रै प्रभावको विषय भने पक्कै होइन् । नेपालको चुच्चे नक्साको विषय, परीक्षण, लिपुलेकवाट भारत र चीनको व्यापारिक मार्ग अन्तराष्ट्रिय हवाई रूटको प्रसंग यो भम्रणमा ओझेलमा परे तथा प्राथमिकता नै पाएनन् । किनकि नेपालमाथि भारतको बलमिचाइँ स्पष्ट छ । उत्पादनको अभाव, उत्पादित वस्तुको खपतको अभाव, वैदेशिक रोजगारी पीडा, बेरोजगारी र खस्किँदो बजार अर्थव्यवस्थामा राजनीतिक दलको उदासीनताले बलिरहेको आगोमा मटितेल खन्याए जस्तै : भएको छ । देशको आन्तरिक किचलो एकातिर छँदैछ । अस्थिर राजनीतिका पहाड चुलिँदै गर्दा त्यही पहाडमा फोहोर थुप्रिँदै जाँदा देशको समृद्धि र विकास त दिवा सपनाजस्तै बन्न थालेको छ ।तसर्थ, देशको नक्सामात्रै होइन् देशको भू-भागलाई फिर्ता गर्ने सवालमा सबै राजनीतिक दल एक ठाउँमा आउनु आवश्यक छ । सत्तापक्ष र प्रतिपक्ष त केवल प्रक्रियामात्रै हो त्यो भन्दा माथि देश रहन्छ । अर्को कुरा कुनै पनि देशको नागरिकता सम्बन्धी विषय संवेदनशील विषय हो । संवेदनशील विषयमा छलफल गरेर समाधानतर्फ जानुको सट्टा देशकै लागि दीर्घकालीन असर गर्ने खालका विषयमा कसैको पनि गम्भीर रूपमा ध्यान गएको देखिँदैन् । नागरिकता सम्बन्धी विवादास्पद अध्यादेशले करिब ६ लाख नागरिकले नागरिकता पाउने भएता पनि यसको अल्पकालीन तथा दीर्घकालीन असर जटिल बन्न सक्ने कुरामा राज्य चुकेको देखिन्छ । देश आफैंमा कमजोर र थलाथला परेको अवस्थामा त्यसले हुने गम्भीर घटनाहरूको विश्लेषण गर्नु जरूरी देखिन्छ । सत्ता टिकाउन, आफ्नो अस्थित्व कायम राखिरहनका लागि देशको अस्थित्व नै दाउमा राख्ने कार्य उपयुक्त होइन् अर्को कुरा, नेपाल दुई ढुंगाबीचको तरूल नै भएर चेपिएर बसेको छ दुई देशबीचको पुल बन्न सकेन् स्रोत र साधन हुँदाहुँदै पनि सम्पन्न बन्न सकेन, पदीय दुरुपयोग तथा भ्रष्टाचारमा लिप्त नेतृत्वले देशको महत्वलाई बुझ्न सकेनन् त्यसको फाइदा विदेशीले उठाउँदै गए । नेपालको राजनीति केवल सत्तामा पुग्ने भऱ्याङमात्रै बन्यो । देश अफैंमा कमजोर बन्दै जाँदा नेताहरू धनी बन्दैजाने विभिन्न प्रकरणहरूमा देशको नीति निर्माण तह नै संलग्न हुने प्रवृत्तिले नै आजको अवस्थामा आइपुग्यो । कुनै पनि समस्या समयमा समाधान गर्न सकिएन भने त्यो विस्तारै जटिल बन्दै जान्छ । नेपालमा जति पनि आन्दोलन तथा विद्रोहहरू भए ती सबैको लक्ष्य सत्तामा पुग्नेमात्रै भए पनि भारतले आफ्नो प्रभाव बढाउँदै जान थालेको हो, त्यसलाई रोक्नु जरूरी छ । अचम्मको कुरा त आफूलाई क्रान्तिकारी देखाउने नेताहरू आफ्नो देशको मन्दिरहरूलाई वेवस्था गर्दै भारतको उज्जयिनको कालेश्वर मन्दिरमा पूजाआजा गर्न गएको घटनाले उनीहरूमा देशमा रहेका धार्मिक स्थलको समेत संरक्षण गर्नुपर्छ भन्ने चेत खुल्नु जरूरी छ । अन्त्यमा, नेपालभन्दा २२ गुणा ठूलो भारतले नेपालप्रति गर्ने व्यवहार सञ्चाउने अवस्था सिर्जना गर्नेगरी नेपाली दलहरूले पाठ सिक्नु जरूरी छ । औपनिवेशवाट स्वतन्त्रता मात्रै होइन्, आजको उदारवादी विश्वमा नेपालले आफूलाई आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक रूपमा समेत बलियो बन्नु बनाउनु आवश्यक छ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नर्यामिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : साझेदारी र सट्टापट्टामा विशेष लाभ मिल्नेछ । नयाँ जिम्मेवारी पाइएला । | **तुला** : शुभकार्यको चर्चा चल्नेछ । मनमा उत्साहका साथै बोली बिक्ने समय छ । |
| **वृष** : कीर्तिमानी काम गर्ने समय छ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । | **वृश्चिक** : यात्राको योग रहेको छ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । |
| **मिथुन** : अनावश्यक ठाउँमा धन खर्च होला । वैदेशिक क्षेत्र कमजोर रहनेछ । | **धनु** : खानपिनमा विचार पुर्याउनु पर्छ । मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **कर्कट** : पुरानो समस्या सुल्झाउन सकिनेछ । सन्तान सुख पनि मिल्ला । | **मकर** : धार्मिक यात्राको योग छ । नयाँ कार्यको योजना बन्नेछ । |
| **सिंह** : दैनिक कार्यमा प्रगति हुनेछ । प्रेममा मधुरता पनि छाउनेछ । | **कुम्भ** : उमङ्गको कमी हुनेछ । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । |
| **कन्या** : रमणीय र सुखद् यात्राको योग छ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । | **मीन** : मनोरञ्जनमा सहभागी भइएला । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । |

चना प्रविधि

# नेपाली ट्राभल कम्पनी 'ह्याक' हुँदा करोडौं नोक्सान



ग्लोबल डिस्ट्रिब्युसन सिस्टम 'जीडीएस' मार्फत अन्तर्राष्ट्रिय उडानको टिकट बिक्री गर्दै आएका नेपाली ट्राभल कम्पनी 'ह्याक' भएका छन् । विदेशी ह्याकरको समूहले अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीको टिकट बिक्री प्रणालीलाई ह्याक गरेर करोडौं रुपैयाँ नोक्सानी पुऱ्याएका हुन् ।

ह्याकरले नेपालमा काम गर्दै आएका विदेशी जिडीएस कम्पनीको नाममा नेपाली ट्राभल कम्पनीलाई इमेल पठाउँदै टिकट बिक्री गरेर नोक्सानी पुऱ्याएका हुन् । नोक्सानी पुगेका नेपाली ट्राभल कम्पनीमा देउराली ट्राभल, कोस्मो नेपाल ट्राभल, सीलिङ्ग ट्राभल लगायत रहेका छन् । प्रत्येक कम्पनीबाट ६० देखि ८० लाखको टिकट विदेशी ह्याकरले 'इस्यु' गरेको देखिन्छ । नेपाल एसोसिएसन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)का अध्यक्ष रमेश थापाले जिडीएस कम्पनीका नाममा नेपालका ट्राभल कम्पनीलाई मेल पठाएर विदेशी ह्याकरले रातारात विदेशबाट टिकट काटेको बताए ।

"ह्याकरले जिडीएसको लोगो राखेर मेल पठाएर टिकट बिक्री गरेर ठगी गरेको पाइयो, यो घटना बाहिर आएपछि नेपाली ट्राभल कम्पनी त्रसित छन्", उनले भने । ह्याकरले अधिकांश टिकट मोरक्कोतर्फ जारी गरेको देखिएको अध्यक्ष थापाले बताए । पीडित ट्राभल कम्पनीले भने साइबर ब्यूरोमा मुद्दा हालिसकेका छन् । नेपालका ट्राभल कम्पनीलाई सेवर, एमाडस, ग्यालिलियोले जिडीएस सेवा प्रदान गर्दै आइरहेका छन् । नेपालका ट्राभल कम्पनीलाई जिडीएस सेवा प्रदान गर्दै आइरहेको सेवर नेपाल नेटवर्ककी महाप्रबन्धक अनुपा बुढाथोकीले विदेशी ह्याकरले नेपालमा सेवा दिँदै आएका जिडीएस कम्पनीको लोगो राखेर ट्राभल कम्पनीलाई नक्कली इमेल पठाएर ठगी गरेको देखिएको बताए । उनले जिडीएस कम्पनीमार्फत आएका मेललाई ट्राभल कम्पनीले पासपोर्ड र युजरनेम शेयर गर्नु अगाडि त्यो इमेल आधिकारीक निकायबाट आएको हो की होइन भन्ने निश्चित गरेरमात्र शेयर गर्न आग्रह गरे । उक्त घटनापछि सेवरले आफ्नो सेवा प्रयोगकर्ता ट्राभल कम्पनीको हितलाई ध्यानमा राखेर आफ्नो 'सेक्युरेटी फिचर'लाई अझै बलियो र परिस्कृत बनाएको महाप्रबन्धक बुढाथोकीले बताए । *-रासस*

# प्रयोगकर्ताका जिमेल अकाउन्ट खतरामा, ह्याकरले तोडे सेक्योरिटी फिचर




यदि तपाईं जिमेल प्रयोग गर्नुहुन्छ वा तपाईंको गुगलमा कुनै खाता छ भने एउटा दु:खद् तथा निकै महत्वपूर्ण खबर छ । गुगलका १८० करोड प्रयोगकर्ताका लागि एउटा महत्वपूर्ण सुरक्षा चेतावनी जारी गरिएको छ । गुगलले आफ्नो लोकप्रिय इमेल सर्भिस जिमेलको सुरक्षाका विषयमा सदैव ठूला-ठूला दाबीहरू गर्ने गर्दछ । तर, पछिल्लोपटक जिमेलको सबैभन्दा बलियो तथा विशेष भनिएको सेक्योरिटी फिचर नै ह्याकरहरुले तोड्न सफल भएका छन् । यो सेक्योरिटी फिचर नै प्रयोगकर्ताका लागि सबैभन्दा ठूलो समस्याको विषय बनेको छ । गुगलले जिमेल चेकमार्क नामक फिचरलाई गत महिनामात्रै लञ्च गरेको थियो । यो चेकमार्क कम्पनी तथा संगठनहरुको भेरिफिकेसनको लागि थियो जसमा निलो चेकमार्क दिइन्छ । सो ब्लु चेकमार्क वास्तवमा प्रयोगकर्ताको सुविधा तथा सजिलोको लागि हो जसबाट कुन इमेल स्पाम हो र कुन आधिकारिक इमेल हो भन्ने छुट्टाउन सकिन्छ । तर, विडम्बना ह्याकरहरुले यही सेक्योरिटी फिचरलाई ह्याक गर्न सफल भएका छन् ।

साइबर सेक्योरिटी अनुसन्धानकर्ता क्रिस प्लमरका अनुसार चेकमार्क फिचरलाई ह्याक गरेर यही फिचरका माध्यमबाट ह्याकरले प्रयोगकर्तालाई झुक्काउन तथा फसाउन सक्दछन् । यसबाट उनीहरुले कुनै पनि ठगी वा नक्कली कम्पनीको नामबाट आएको इमेल नै असली हो भनेर ठग्न सक्दछन् । त्यसैले गुगलको यो निलो चेकमार्कवाला फिचर प्रयोगकर्ताका लागि टाउको दुखाई बन्ने देखिएको छ । क्रिसले यस विषयमा गुगललाई जानकारी दिइसकेका छन् । गुगलले पनि यो एक त्रुटि रहेको र यसलाई समाधान गर्नका लागि सम्बन्धित टिमलाई सूचित गरिएको जनाएको छ । साथै उसले यस विषयमा प्रयोगकर्तामा रहेको चिन्ता र द्विविधिका लागि माफी पनि मागेको छ । स्मरण रहोस् एप्पलको आईओएसमा पनि एउटा बग देखिएको छ । जसको फाइदा उठाएर आइमेसेज को मद्दतले कुनै पनि आइफोन ह्याक गर्न सकिन्छ । क्यास्पर्स्कीले आफ्नो रिपोर्टमा उल्लेख गरे अनुसार आईओएस १५.७ भएका आइफोन पनि यो मालवेयरको निसानामा छन् । अर्थात् यदि तपाईंसँग आइफोन ११ १२ तथा १३ छ र त्यसमा आईओएस १६ अपडेट गर्नुभएको छैन भने तपाईं ह्याकरको निसानामा हुनुहुन्छ । *-एजेन्सी*

# मोबाइल हेर्ने सहि तरिका के हो ?



स्मार्टफोनको लगातार प्रयोगले आँखामा नकारात्मक असर गर्छ । यो थाहा पाएर पनि मानिसहरू मोबाइलमा घण्टौं बिताउँछन् । गेम खेल्नेदेखि चलचित्र हेर्नसम्म, प्रयोगकर्ताहरूले आफ्नो स्मार्टफोनमा हरेक शौक पूरा गर्छन्, तर यसले उनीहरूको स्वास्थ्यलाई धेरै नोक्सान पुऱ्याउँछ । धेरैजसो प्रयोगकर्तालाई थाहा छैन कि आँखा र मोबाइल बीचको दुरी के हुनुपर्छ र त्यसले धेरै नराम्रो असर नपरोस् ।

विश्वमा स्मार्टफोन प्रयोगकर्ताको संख्या अर्बौंमा छ र निरन्तर बढिरहेको छ । धेरै रिपोर्टहरूमा यो भनिएको छ कि औसतमा मानिसहरूले आफ्नो स्मार्टफोनमा हरेक दिन साढे तीन घण्टा बिताउँछन् । यस्तो अवस्थामा आँखामा नराम्रो असर पर्नु स्वाभाविक हो । स्मार्टफोनको बढ्दो प्रयोगपछि यसबाट हुने नोक्सानबाट आँखालाई जोगाउने आवश्यकता अहिले पहिलेभन्दा बढी भएको छ । आफ्नो स्मार्टफोनलाई लामो समयसम्म हेर्दा थकान, आँखा चिलाउने र सुख्खा हुने, आँखा धमिलो हुने र टाउको दुख्ने जस्ता धेरै समस्याहरू निम्त्याउन सक्छ । मोबाइल फोनको प्रयोगबाट हुने आँखाको समस्याले लामो समयसम्म समस्या निम्त्याउन सक्छ । एक रिपोर्टअनुसार स्मार्टफोनबाट निस्कने निलो बत्ती आँखा र रेटिनाका लागि खतरनाक हुनसक्छ किनभने यो कोर्निया र लेन्सले ब्लक गर्दैन । त्यसैले फोन नजिक राख्नु आँखाको लागि धेरै हानिकारक हुन सक्छ । लामो समयको लागि स्मार्टफोन प्रयोग गर्नबाट बच्न लगभग आँखा र फोनबीच १६ देखि १८ इन्चको दूरी कायम राख्नुहोस् । यदि तपाईं आफ्नो स्मार्टफोन लगातार प्रयोग गर्नुहुन्छ भने, यसलाई हेर्दा आफ्नो आँखा झिम्काउन नबिर्सनुहोस् । समय-समयमा झिम्काउनुले तपाईंको आँखालाई दुई तरिकाले मद्दत गर्छ । झिम्काउनुले तपाईंको आँखामा नमी कायम राख्छ र सुख्खापन र जलन पैदा गर्दैन । दोस्रो, झिम्काउनुले तपाईंको आँखालाई पुन: फोकस गर्न मद्दत गर्नेछ । २०-२०-२० पालना गर्नुहोस् । यो नियम अनुसार हरेक २० मिनेटमा २० सेकेन्डको लागि आफ्नो स्क्रिनबाट २० फिट टाढाको वस्तुलाई हेर्नुहोस् । यसले तपाईंको आँखालाई आराम दिन्छ । मोबाइलको ब्राइटनेस समायोजन गरिरहनुहोस् र सुनिश्चित गर्नुहोस् कि तपाईंको स्क्रिनको चमक तपाईं जहाँ हुनुहुन्छ त्यो उज्यालो बराबर होस् ।

धेरै उज्यालो वा धेरै अँध्यारो स्क्रिनले तपाईंको आँखामा नकारात्मक प्रभाव पार्न सक्छ । अँध्यारो कोठामा पनि धेरैजसो मानिसले स्मार्टफोनको प्रयोग गर्छन् तर यो तपाईंको आँखाको लागि निकै हानिकारक हुनसक्छ । यसबाट बच्ने उत्तम उपाय भनेको मोबाइलको ब्राइटनेस लेभल सकेसम्म कम राख्नु हो । *-एजेन्सी*

# रियलमीको नार्जो एन ५५ र एन ५३ नेपालमा सार्वजनिक



विश्वकै प्रमुख स्मार्टफोन ब्रान्डमध्येको एक रियलमीले नेपालमा आफ्ना दुई नयाँ फोन सार्वजनिक गरेको छ । शुक्रबार कम्पनीले काठमाडौंमा एक कार्यक्रममार्फत रियलमी नार्जो एन५५ र नार्जो एन५३ फोन सार्वजनिक गरेको हो । दुवै फोन ४ जीबी ऱ्याम ६४ जीबी स्टोरेज र ६ जीबी ऱ्याम १२८ जीबी स्टोरेज गरी दुई भेरियन्टमा उपलब्ध छन् । दुवै फोनमा २ टेराबाइटसम्म स्टोरेज थप्न सकिन्छ ।

**कुन फोन कस्तो ?**

**नार्जो एन ५५**

यस फोनमा ५० प्रतिशत चार्ज २९ मिनेट र फुल चार्ज ६३ मिनेटमा हुने कम्पनीको दाबी छ । नार्जो एन५५ फोन प्राइम ब्लु र प्राइम ब्ल्याक रङमा उपलब्ध छ । फोनका पछाडि दुई वटा रिङ रहेको छ भने छेउमा फ्लास छ । ७.८९ एमएम मोटाइ भएको नार्जो एन५५ मा यूएसबी सी पोर्ट, माइक र ३.५ एमएमको हेडफोन पोर्ट छ । बायाँतिर सिम कार्ड ट्रेमा दुई सीम कार्ड र एसडी कार्ड राख्न सकिन्छ । दायाँतिर आवाज बढाउने घटाउने बटन र फिङ्गर सेन्सरसहितको पावर बटन छ । फोनमा ९० हर्जको रिफ्रेस रेटसहित ६.७२ इन्चको एफएचडी प्लस आईपीएस एलसीडी डिस्प्ले छ । जसमा १८० हर्जको सेम्पिलिङ रेट र एक करोड ६७ लाख रङ देखाउनसक्ने क्षमता छ । मिडियाटेक हेलियो जी८८ चीपसेट रहेको फोनमा १२ एनएमको प्रोसेस नोड छ भने २ गिजाहर्ज पावर रहेको छ । ग्राफिक्सका लागि माली जी-५२ जीपीयु रहेको छ ।

**क्यामेरा, स्टोरेज र ब्याट्री**

नार्जो एन५५को पछाडि मा ६४ मेगापिक्सलको मेन सेन्सर र २ मेगापिक्सको डिप्थ्थ सेन्सर क्यामेरा रहेको छ । यस्तै, सेल्फीका लागि ८ मेगापिक्सलको सेल्फी क्यामेरा छ । पछाडीको क्यामेराले १०८० पी र ६० फ्रेम प्रतिसेकेन्डको भिडियो खिच्न सक्छ भने अगाडिको सेल्फि क्यामेराले १०८० पी र ३० फ्रेम प्रति सेकेण्डको भिडियो खिचन सक्छ । फोनमा ५००० एमएएचको ब्याट्री रहेको छ भने ३३ वाटको सुपरभोक चार्जिङ रहेको छ । रियमल युआई ४.० एडिसन रहेको एन५५ एन्ड्रोइड १३ मा आधारित छ । रियलमी नार्जो एन५५ को ४ जीबी ऱ्याम, ६४ जीबी स्टोरेजको भेरियन्टको मूल्य २०,४९९ तोकिएको छ । यस्तै, रियलमी नार्जो एन५५ को ६ जीबी ऱ्याम, १२८ जीबी स्टोरेजको भेरियन्टको मूल्य २४, ४९९तोकिएको छ ।

**नार्जो एन ५३**

यस फोनमा ५० प्रतिशत चार्ज ३१ मिनेट र फुल चार्ज ८८ मिनेटमा हुने कम्पनीको दाबी छ । नार्जो एन५३ फोन कालो र सुनौलो रङमा उपलब्ध छ । पछाडि तीनवटा रिङ रहेको फोनमा दुई वटामा क्यामेरा र एउटामा फ्लास रहेको छ । ७.४९ एमएम मोटाइ भएको नार्जो एन५३ लाई कम्पनीले सबैभन्दा पातलो फोनमध्येको दाबी गरेको छ । फोनको लम्बाई १६७.३ एमएम, चौडाई ७६.७ एमएम र तौल १८२ ग्राम छ । फोनको फिङ्गर सेन्सर पावर बटनमा रहेको छ । फोनमा ३.५ एमएमको हेडफोन ज्याक, माइक्रोफोन र यूएसबी टाइप सी पोर्ट रहेको छ । दायाँतिर सिम कार्ड ट्रेमा दुई सिम कार्ड र एसडी कार्ड राख्न सकिन्छ । फोनमा ९० हर्जको रिफ्रेस रेटसहित फोनमा ६.७४ इञ्जको आईपीएस एलसीडी डिस्प्ले छ । फोनमा युनिसक टाइगर टी६१२ चीपसेट रहेको छ । चिपसेटमा १२ एनएम प्रोसेस नोड छ भने, १.८ गिजाहर्ज पावर रहेको छ । ग्राफिक्सका लागि माली जी-५७ जीपीयू रहेको छ ।

**क्यामेरा, स्टोरेज र ब्याट्री**

नार्जो एन५३ मा ५० मेगापिक्सलको एआई पछाडिको मुख्य क्यामेरा रहेको छ । यस्तै, सेल्फीका लागि ८ मेगापिक्सलको एआई सेल्फी क्यामेरा रहेको छ । पछाडिको क्यामेराले १०८० पी र ३० फ्रेम प्रतिसेकेन्डको भिडियो खिच्न सक्छ भने अगाडिको सेल्फी क्यामेराले ७२० पी र ३० फ्रेम प्रति सेकेन्डको भिडियो खिच्न सक्छ । फोनमा ५००० एमएएचको ब्याट्री रहेको छ भने ३३ वाटको फास्ट चार्जिङ रहेको छ ।

फोनसँगै ११ भोल्टको चार्जिङ एडेप्टर, सी टाइप यूएसबी केबल, प्रोटेक्ट केस आउँछ । रियमल यूआई टी एडिसन रहेको एन५३ एन्ड्रोइड १३ मा आधारित छ । रियली नार्जो एन५३ को ४ जीबी ऱ्याम, ६४ जीबीको भेरियन्टको मूल्य १५,९९९ तोकिएको छ । यस्तै, रियली नार्जो एन५३ को ६ जीबी ऱ्याम, १२८ जीबीको भेरियन्टको मूल्य १८,९९९ तोकिएको छ । दुवै फोन जुन ७ देखि बजारमा उपलब्ध हुने कम्पनीले जनाएको छ ।

*-बाह्खरी डटकम*

# तानसेनमा विश्व वातावरण दिवसमा सरसफाई




**पाल्पा,** जेठ २२/विश्व वातावरण दिवसको अवसरमा सोमबार तानसेनमा सरसफाइ गरिएको छ । पाल्पा प्यारागन बोडिङ्गमा अध्ययनरत विद्यार्थीहरूद्वारा गठित ग्रीन युथ क्लव, शिवालय टोलविकास संस्था र ग्रीन फर गुडमा आवद्ध अभियान्ताहरुलें विद्यालय, टोल क्षेत्र वरपर सरसफाइ गरेका हुन् ।

वातावरण र संरक्षणसँग सम्बन्धित प्लेकार्ड र ब्यानर बोकेका विद्यार्थी, शिक्षक र विभिन्न संस्थाहरुका व्यक्तिहरूले भगवटी टोलस्थित स्कूलबाट शिवालय मन्दिर, आँखा अस्पताल, शितलपाटी सम्मको सडक किनारमा फालिएका प्लास्टिकजन्य फोहोरहरू संकलन गर्दै परिक्रममा गरेका थिए । प्लास्टिकजन्य फोहोरका कारण वातावरणमा नकारात्मक प्रभाव पारेको भन्दै विद्यार्थीहरूले सचेतनामूलक प्रभातफेरि एवं सरसफाइ कार्यक्रम गरेको पाल्पा प्यारागनका प्रिन्सिपल गंगाबहादुर खत्रीले बताए । विद्यार्थीहरूलाई संरक्षण शिक्षा दिन सकेको खण्डमा समाज र देश परिवर्तन हुने भएकाले विश्व वातावरण दिवसको दिन समुदाय र अन्य संस्थाहरुसँगको सहकार्यमा विद्यार्थीहरुले सरसफाइ गरेको उनले बताए । प्रिसिन्सपल खत्रीले भने 'विद्यार्थीहरूलाई पढाइको अतिरिक्त वातावरण संरक्षण गर्नु हामी सबैको दायित्व हो भन्ने शिक्षा दिनु पनि अहिलेको आवश्यकता हो, त्यसलाई हामीले महशुस गरेका छौं ।' सोही अवसरमा ग्रीन फर गुड तानसेन लेखिएका डष्टविनहरू टोलका विभिन्न ठाउँहरुमा राखिएको छ । सहभागीले वातावरणको संरक्षण गर्न नसके जगतकै संरक्षण नहुने भन्दै समयमा नै सबै नागरिक सचेत हुनुपर्ने धारणा राखेका थिए । दिवसका अवसरमा तानसेनमा अन्य संघसंस्थाहरुले समेत कार्यक्रम गरेका थिए । 'प्लास्टिकजन्य प्रदूषण निर्मूल पारौं, वातावरणमैत्री विकल्पको उपयोग गरौं' भन्ने राष्ट्रिय नाराका साथ सोमबार पाल्पा सहित देशभर विश्व वातावरण दिवस मनाइएको छ । संयुक्त राष्ट्रसंघको महासभाले सन् १९७२ को जुन ५ देखि जुन १६ सम्म विश्व वातावरण सम्मेलन आयोजना गरेको थियो । त्यसको एक वर्षपछि पहिलो पटक वातावरण दिवस मनाइएको थियो ।

# तानसेनमा रक्तदान सचेतना सम्बन्धी छलफल



**पाल्पा,** जेठ २२/जिल्लाको तानसेनमा रक्तदान सचेतना सम्बन्धी सरोकारवालाहरुबिच छलफल भएको छ । नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाको आयोजना र तानसेन नगरपालिकाको आर्थिक सहयोगमा रक्तदान सचेतना सम्बन्धी एक दिने छलफल भएको हो ।

छलफलमा बोल्ने अधिकांस वक्ताहरुले पाल्पामा रगत अभाव हुन नदिन बल्ड बैंकको व्यस्था गरिनुपर्ने बताएका छन् । उनीहरुले रगत जस्तो संवेदनशील विषयमा सबैले चासो र चिन्ता व्यक्त गर्नुपर्नेमा जोड दिएका थिए । उनीहरुले पाल्पाका ठूला अस्पतालहरुमा रगत अभावका कारण विरामीहरु समस्यामा पर्ने गरेको भन्दै समस्या समाधानमा सबै लाग्नु पर्ने बताए । कार्यक्रममा पाल्पा अस्पतालका अध्यक्ष गुराँस आत्रेयले बल्ड बैंक स्थापना गर्ने विषयमा राजनीतिक दल र स्थानीय सरकार प्रतिवद्धता हुनुपर्ने धारणा व्यक्त गरे । उनले बल्ड बैंक स्थापना गर्न सबैले सहयोग गर्नु पर्ने भन्दै जिल्ला अस्पतालले पनि बल्ड बैंक सञ्चालनका लागि आवश्यक जशक्तिको व्यवस्थापन गर्न सहयोग पुऱ्याउने प्रतिवद्धता व्यक्त गरे । युनाइटेड मिसन अस्पतालकी निर्देशक रचेल कारकले मानव शरिरका लागि आवश्यक रगत जस्तो विषयमा सबै गम्भीर बन्नुपर्ने बताईन् । उनले रगत अभावका कारण अस्पतालमा आउने विरामीहरु समस्यामा पर्ने गरेको भन्दै रगत सहज बनाउने दिशामा सबैले चासो देखाउनुपर्नेमा जोड दिइन् । लुम्बिनी मेडिकल कलेजका ल्याव इन्चार्ज रविन्द्र शर्माले रगत संकलनमा थुप्रै समस्या रहेको बताए । नेपाल परिवार नियोजन संघ पाल्पा शाखाका प्रवन्धक शोवाकान्त न्यौपानेले जिल्लामा रगत अभाव हुन नदिन सबै पक्षबाट सहयोग हुनुपर्नेमा जोड दिए । तानसेन नगरपालिकाकी उपप्रमुख प्रतिक्षा सिंजालीले स्वास्थ्य जस्तो संवेदनशील विषयमा तानसेन नगरसरकार सधै गम्भीर रहेको धारणा व्यक्त गरिन् । उनले जिल्लाका अस्पताल, सामाजिक संघसंस्थाहरु सँग समन्वय गरी स्वास्थ्य क्षेत्रमा नगर सरकारले काम गर्दै आएको समेत बताईन् । कार्यक्रमा जिल्लाका राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, उद्योगी व्यवसायीका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न समाजिक संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरु पत्रकार लगायतका व्यक्तिले जिल्लामा रगत अभाव हुन नदिन सबै तह र तप्काबाट सहयोग गरिनुपर्नेमा जो दिएका थिए । कार्यक्रममा रेडक्रस पाल्पा शाखाका अधिकृत विनोद भारतीले जिल्लामा रगत संकलनको अवस्थाका बारेमा जानकारी गराएका थिए । कार्यक्रमको सहजीकरण रेडक्रसका जिल्ला सदस्य डा. झपेन्द्र ढकालले गरेका थिए । रेक्रसका जिल्ला सभापति बाबुराम कार्कीको अध्यक्षता, उसभापति भीमसेन कार्कीको स्वागत, मन्त्री केशवराज नेपालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# बाँदरका कारण परम्परागत...

...किसानलाई कफी खेतीका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ गुल्मीले सहजीकरण गरिरहेको परियोजनाका सहजकर्ता प्रेम अर्यालले बताए ।

उनका अनुसार उक्त परियोजनान्तर्गत सिर्सेनी प्राङ्गारिक कफी कृषि पाठशाला १५ हप्तासम्म कफी पाठशाला कार्यक्रम सञ्चालन गरेर प्रशिक्षण प्रदान गरिएको थियो । परियोजना प्रमुख गंगाकुमारी पोखरेलले कफी खेतीमा किसानलाई आकर्षित गरिएको बताइन् ।

'कफी खेतीसम्बन्धी जानकारी दिनुका साथै आधुनिकताका बारेमा सचेतना गराएका छौँ', उनले भने, "कफीमा पछिल्लो समय किसानको आकर्षण बढ्दो छ ।" गुल्मीस्थित कृषि ज्ञान केन्द्रका प्रमुख नवराज भण्डारीले ग्रामीण भेगमा कफी किसान उत्पादनमा अग्रसर भएको बताए । "कफीको उत्पादनमा मात्रै समस्या हो, बजारीकरणको समस्या छैन", उनले भने, "सिर्सेनीका किसानको सक्रियताले कफीमा आशा जगाएको छ ।" प्रमुख भण्डारीले पाठशालामार्फत सिकेका कुरा कार्यान्वयन गर्नुपर्ने भन्दै यसबाट कफी खेतीलाई विस्तार गर्न सहयोग पुग्ने बताए । ***-रासस***

## खेलकुद समाचार

# बार्सिलोना पराजित



**काठमाडौं,** जेठ २२/स्पानिस ला लिगाको उपाधि जितिसकेको बार्सिलोना सिजनको अन्तिम खेलमा सेल्टा भिगोसँग २-१ ले पराजित भएको छ । गाब्री भेइगा नोभासले दुई गोल गरेपछि सेल्टाले घरेलु मैदानमा च्याम्पियन बार्सिलोनालाई हराएको हो ।

२१ वर्षीय भेइगाले ६२औं र ६५औं मिनेटमा गोल गरे । बार्सिलोनाका लागि अंशु फातीले ७९औं मिनेटमा एक गोल फर्काए । जितपछि सेल्टाले ४३ अंक जोडेर १३औं स्थानमा लिग सकायो । यस्तै करिम बेन्जेमाले रियलको जर्सीमा अन्तिम खेल खेल्दै पेनाल्टीमा गोल गरेपछि रियलले एथ्लेटिक विल्वाओसँग १-१ को बराबरी खेल्दै लिग सकायो । ओइहान सानचेटले गोल गर्दै विल्वाओलाई पहिले अग्रता दिलाएको थियो । तर बेन्जेमाले पेनाल्टीमा गोल गर्दै खेल बराबरी गरे । बेन्जेमाले यसअघि नै रियल छाड्ने घोषणा गरिसकेका छन् । १४ वर्षपछि रियल छाड्न लागेका बेन्जेमा अब साउदी अरबियन क्लब जाने चर्चा छ ।

## कर्पोरेट/अर्थ समाचार

# कारोबारको पहिलो दिन बढेको नेप्से दोस्रो दिन घट्यो



**पाल्पा,** जेठ २२/ कारोबारको पहिलो दिन आइतबार ५० अङ्कले बढेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोस्रो दिन सोमबार भने दोहोरो अंकको गिरावट देखिएको छ । नेप्से परिसूचक १७ दशमलव ३८ अंकले घटेर एक हजार नौ सय ०१ दशमलव ९९ अंकमा कायम भएको हो ।

दुई सय ७७ कम्पनीको ५६ लाख २० हजार तीन सय ८१ कित्ता शेयर ३६ हजार पाँच सय ६८ पटक खरिदबिक्री हुँदा एक अर्ब ९७ करोड ३४ लाख ९१ हजार एक सय सात बर ाबरको कारोबार भएको छ । सो अवधिमा सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै जीवन बीमा समूह एक सय २४ दशमलव १४ र उत्पादन तथा प्रशोधन समूह एक सय २१ दशमभलव ३० अंकले घटेको छ । बैंकिङ समूह नौ दशमलव १६, विकास बैंक ५० दशमलव ९५, वित्त १७ दशमलव ३९, होटल तथा पर्यटन ३२ दशमलव ०१, जलविद्युत् ११ दशमलव ५१ र लगानी समूह शून्य दशमलव ५४ अंकले घटेको छ । त्यसैगरी, लघुवित्त समूह १८ दशमलव ६४, म्युचुअल फन्ड शून्य दशमलव ०३, निर्जीवन बीमा समूह ५७ दशमलव ०६, व्यापार समूह ३६ दशमलव ९४ र अन्य समूह २० दशमलव ६३ अङ्कले घटेको छ । ग्लोबल आइएमइ ब्यालेन्स्ड फन्ड-१ को शेयर मूल्य सबैभन्दा धेरै आठ दशमलव ०२ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने शिवम् सिमेन्ट लिमिटेडको शेयर मूल्य चार दशमलव ५० प्रतिशतले घटेको छ । कारोबार रकम र कार ोबार भएका शेयर सङ्ख्याका आधार मा शिवम् सिमेन्ट लिमिटेडको १९ करोड ८९ लाख ५६ हजार तीन सय ५३ बराबरको चार लाख १४ हजार छ सय १६ कित्ता शेयर किनबेच भएको छ ।


# तानसेन नगरपालिकाको अनुरोध

- बाँझो जमिनमा बोटबिरुवा लगाऔं ।
- भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं ।
- स्थानीय सरकारलाई सबल बनाउन समयमै कर तिरौं ।
- खडेरीको समयमा आगालागिका घटनाहरु बढी घट्ने हुनाले आगोजन्य सम्भावित प्रकोपबाट बच्न सबै सचेत बनौं ।
- प्लाष्टिकको प्रयोग नगरौं, वातावरण प्रदुषण हुनबाट जोगाऔं ।
- सेवा प्रवाहमा रहेका कमी कमजोरी औंल्याऔं ।
- कृषि, पशुपालनमा यूवा सहभागिता बढाएर स्वरोजगार सिर्जनामा टेवा पुऱ्याऔं ।
- जन्म, मृत्यु विवाह जस्ता घटना ३५ दिन भित्र वडा कार्यालयहरुमा दर्ता गरौं ।
- सीप सिकौं, स्वालम्बी बनौं ।
- छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।

जीवन ज्ञवाली — प्रमुख प्रशासकीय अधिकृत
प्रतिक्षा सिंजाली — उपप्रमुख
सन्तोषलाल श्रेष्ठ — नगरप्रमुख

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई